## अर्जुनचौपारी गाउँपालिकाको अर्थ सम्बन्धी
## प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ बमोजिम अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाले यो ऐन जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम अर्जुनचौपारी गाउँपालिका आर्थिक ऐन, २०८३ रहेको छ।
(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पत्ति करः** अर्जुनचौपारी गाउँपालिकामा देहाय बमोजिप सम्पत्ति कर लागाइनेछ।

१. अर्जुनचौपारी गाउँपालिकाका क्षेत्र भित्रको घर/ संरचना र सो घर/ संरचनाले चर्चेको (Plinth Area) जग्गामा सम्पत्ति कर लगाइनेछ।यस दफाको प्रयोजनका लागि चर्चेको जग्गा भन्नाले घर/ संरचनाले ओगटेको क्षेत्रफल बराबरको जग्गा सम्झनुपर्छ।
२. सम्पत्ती कर गणना गर्दा घर/ संरचनाको लागि (ह्रास कट्टि समेतको आधारमा) अनुसूची २(क), र चर्चेको जग्गाको लागि अनुसूची ३ बमोजिमको दरमा मुल्याङकन गरि कुल मूल्याङ्कित रकममा अनुसूची १ बमोजिमको दरमा गरिनेछ।

**३. भूमिकरः** अर्जुनचौपारी गाउँपालिकामा देहाय बमोजिमको भूमिकर लगाइनेछ।

१. गाउँपालिकाका क्षेत्र भित्रको दफा २ को उपदफा (१) र (२) बमोजिम सम्पत्ति कर लगाउन भनी तोकिएका जग्गा बाहेकका अन्य जग्गा भूमिकर लगाईनेछ
२. भूमिकर गणना गर्दा अनुसूची ३ बमोजिमको दरमा मूल्यांकन गरि कुल मूल्याङ्कित रकममा अनुसूची १ बमोजिमको दरमा लगाइनेछ।

**४. बहाल करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (४) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ।

**५. व्यवसाय करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार,व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायिक प्रकृति, आर्थिक कारोबार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (५) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ।त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग-अलग ईकाइ मानी असुल उपर गरिनेछ।

**६. दहत्तर बहत्तर शुल्क:** गाउँपालिका क्षेत्रभित्र रोडा, गेग्रान, स्लेट ढुंगा, चट्टान ढुंगा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुंगा, तथा नदी तथा खोलाजन्य पर्दाथ जस्ता दहत्तर बहत्तरको उत्खनन् तथा संकलन अनुसूची (६) बमोजिम हुनेछ।

**७. जडीबुटी, कवाडी र जीवजन्तु करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुका व्यवसयिक कारोबार गरेवापत् गाउँकार्यपालिकाले तोके बमोजिम शुल्क लगाईनेछ।तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुने छैन।

**८. सवारी साधन दर्ता तथा नविकरण/ सुचीकरण शुल्क:** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (७) बमोजिम सवारी साधन दर्ता तथा नविकरण र अन्य क्षेत्रमा दर्ता भएका सवारी साधन सुचिकरण शुल्क लगाई असुल उपर गरिनेछ।

**९. विज्ञापन करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (८) बमोजिमको दरमा विज्ञापन कर लगाई असुल उपर गरिनेछ।

**१०. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्ञ्जनजन्य व्यवसाय तथा गतिविधिमा अनुसूची (९) बमोजिमको मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

**११. बहाल बिटौरी करः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको भवन, हाटबजार, पसल, मेलामा वा कुनै व्यक्ति,संघ/ संस्थाले सार्वजनिक ऐलानी ,प्रती जग्गामा बनाएको भवन,हाटबजार, पसलमा बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ। त्यस्तो शुल्क निर्धारण गर्दन गाउँपालिकाले सम्पत्ति कर मूल्याङ्कनलाई आधार मानिनेछ। तर बहाल बिटौरी कर बुझाएको रसिदलाई घरधनीले भोग गरेको घर आफ्नो नामको स्वामित्वमा रहेको प्रमाण मानिने छैन।

**१२. सवारी साधन पार्किङ्ग शुल्कः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाघ पार्किङ्ग सुविधा उपलब्ध गराएबापत् सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ। त्यस्तो शुल्क गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले अर्जुनचौपारी गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ।

**१३. ट्रेकिङ्ग र र्याफ्टिङ्ग शुल्कः** अर्जुनचौपारी गाउँपालिक क्षेत्रभित्र ट्रेकिङ्ग र र्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे बापत शुल्क लगाई असुल उपर गरिनेछ।त्यस्तो शुल्क गाउँकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

**१४. सेवा शुल्क दस्तुरः** अर्जुनचौपारी गाउँपालिकाले निर्णय,सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ।

**१५. पर्यटन शुल्कः** अर्जुनचौपारी गाउँपालिकाले तोकेको स्थानहरुमा पर्यटक प्रवेश गर्दा गाउँकार्यपालिकाले तोकेबमोजिम दरमा प्रवेश शुल्क लगाई असुल उपर गरिनेछ।

**१६. जरिवानाः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय गर्ने वा फोहोरमैला तथा निर्माण सामाग्रीबाट उत्सर्जित फोहोर एंवं प्रचलित कानून विपरितका कार्य गरेमा अनुसूची (१२)मा उल्लेखित जरिवाना लगाइनेछ।साथै अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकाले समय-समयमा यस व्यवस्थामा थपघट पूनरावलोकन गर्न सक्नेछ।कर बक्यौतामा लाग्ने जरिवाना पुर्ण छुट मिनाहा हुनेछ।

**१७. घुम्ती व्यापार तथा पटके कर शुल्क :** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा सवारी साधनको माध्यमबाट सामा बोकी/ राखि बिक्रि वितरण गरेमा अनुसूची (१४) को शुल्क लगाइनेछ।

**१८. निकासी कर :** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्र बाट कुनै वस्तु तथा सामान निकासी गरेमा अनुसूची (१३) को शुल्क लगाइनेछ।

**१९. घर जग्गा रजिष्ट्रेशा शुल्कः** अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम असुल उपर गरिनेछ।

**२०. अन्य राजश्व :** अर्जुनचौपारी गाउँपालका क्षेत्रभित्रका उल्लेखित शिर्शक बाहेकका आम्दानि अनुसूची (११) बमोजिम हुनेछ।

**२१. कर तथा शुल्क संकलन कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा ऐनसँग नबाझिने गरि कर तथा शुल्क संङ्कलन सम्बन्धि अर्जुनचौपारी गाउँपालिका, गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**२२.अन्य व्यवस्थाः** अर्जुनचौपारी गाउँपालिका, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क,दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ, वडा कार्यालयबाट कर निर्धारण गरी असुल गर्दा वडा अध्यक्षको समन्वय गरिनेछ।तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन।

**२३.यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम गरेको मानिनेछ।

**२४.नियम वा कार्यविधि बनाउन सक्नेः** अर्जुनचौपारी गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

**२५.साविक बमोजिम हुनेः** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमोजिम र उल्लेखित नभएको हकमा सावि बमोविमनै शुनेछ।

**२६.बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा अर्जुनचौपारी गाउँपालिका गाउँकार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ।

**२७.खारेजीः** साविकमा अर्जुनचौपारी गाउँकार्यपालिकाले लागू गर्दै आएको व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन्।

## अनुसूची-१

**(आर्थिक ऐनको दफा २(२) र दफा ३(२) सँग सम्बन्धित)**

**जग्गाको वर्गिकरण, न्यूनतम दररेट र मुल्याङ्कन**

**सम्पत्ति कर र भूमीकर (मालपोत)को दर**

| क्र.स | जग्गाको न्यूनतम मूल्याङ्कन | वार्षिक दर |
|---|---|---|
| १ | रु १ देखि १ लाख रुपैयाँ सम्मको मूल्याङ्कनमा | एक मुष्ठ रु २५ रुपैयाँ |
| २ | रु १ लाख देखि १० लाख रुपैयाँ सम्मको मूल्याङ्कनमा | प्रति लाख रु ८ |
| ३ | रु १० लाख देखि ५० लाख रुपैयाँ सम्मको मूल्याङ्कनमा | प्रति लाख रु १० |
| ४ | रु ५० लाख देखि १ करोड रुपैयाँ सम्मको मूल्याङ्कनमा | प्रति लाख रु १५ |
| ५ | रु १ करोड देखि ५ करोड रुपैयाँसम्मको मूल्याङ्कनमा | प्रति लाख रु २० |
| ६ | रु ५ करोड रुपैयाँ भन्दा माथिको मूल्याङ्कनमा | प्रति लाख रु २५ |

**आ.व २०८२/०८३ का लागि करका दरहरु निम्न छन् ।**

**अनुसुची-२**
**(आर्थिक ऐनको दफा २ सँग सम्बन्धित)**
**संरचना बनोटको आधारमा भवन मूल्याङ्कन दर**

**भवन बनोटको आधारमा भवन मूल्याङ्क दर देहाय बमोजिम कायम गरीएको छ।**

| क्र.सं | भवनको प्रकार र बनोट | भवनको मूल्याङ्कन दर |
|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै कच्ची घर | १ तलेको रु १५०/-<br>२ तले वा सोभन्दा बढी को हकमा एकमुष्ट रु २५० |
| २ | प्रिफ्याब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | रु १७५० प्रति वर्ग फिट |
| ३ | भित्र बाहिर पाको ईटा र ब्लक वा ढुङ्गा सिमेन्टको जोडाई भएको भवन | रु २००० प्रति वर्ग फिट |
| ४ | स्टिल स्ट्रक्चर (ट्रस) भवन | रु २१०० प्रति वर्ग फिट |
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | रु २५०० प्रति वर्ग फिट |

**भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि**

भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्दती (straight line method )अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम हुनेछ ।

| क्र.सं | भवनको प्रकार र बनोट | बार्षिक ह्रास (प्रतिशत) | ह्रासकट्टी अवधि (वर्ष) |
|---|---|---|---|
| १ | भित्र बाहिर पाको ईटा ब्लक वा ढुङ्गा र माटोको जोडाई भएको सवै | २ | ३५ |
| २ | प्रिफ्याब भवन, गोदाम भवन ब्लक वा ढुङ्गाको | ३ | २५ |
| ३ | भित्र बाहिर पाको ईटा र ब्लक वा ढुङ्गा सिमेन्टको जोडाई भएको भवन | १.५ | ५० |
| ४ | स्टिल स्ट्रक्चर (ट्रस ) भवन | २ | ३५ |
| ५ | आर.सी.सी फ्रेम स्ट्रक्चर भवन | १ | ७५ |

## अनुसुची -३

## (आर्थिक ऐनको दफा ३ सँग सम्बन्धित)

### १.सम्पत्ती तथा मालपोत कर प्रयोजनका लागि सडकले छोएको तथा आवासिय जग्गा मूल्याङ्कन

| क्र.स | सडक सँग जोडिएका जग्गाहरु | प्रति रोपनी रु |
|---|---|---|
| | **वडा नं १ अन्तर्रगतका जग्गाहरू** | |
| १ | **हेलु - अर्जुनचौपारी सडक** | |
| | ठाडाखेत देखि डम्डारे पिपलडाँडा सम्म | १६ लाख |
| | डम्डारे पिपलडाँडा देखि लब्सीबोट प्रतिक्षालय सम्म | ५लाख |
| | लब्सीबोट प्रतिक्षालय देखि विरौटा चोक सम्म | १६ लाख |
| | विरौटा चोक देखि अमलाको बोट सम्म | ५ लाख |
| | अमलाको बोट देखि अधिकारी टोल सम्म | १६ लाख |
| | अधिकारी टोल सम्म माटेथर कज्वय सम्म | ८ लाख |
| | माटेथर कज्वय देखि आरकुना सम्म | १६ लाख |
| | माटेथर चोक देखि अर्जुनचौपारी माथिल्लो बजार सम्म | १६ लाख |
| २ | **अर्जुनचौपारी - रैते नरभञ्याङ सडक** | |
| | बाणिज्य बैंक चोक देखि गैरिखेतको सिमाना सम्म (माथिल्लो पाटो) | ८ लाख |
| | बाणिज्य बैंक चोक देखि गैरिखेतको सिमाना सम्म (तल्लो पाटो) | १६ लाख |
| | माटेथर पुल देखि गाउँपालिका भवन हुदैं पुरनबारी सम्म | १६ लाख |
| ३ | **शाखा बाटोहरु** | |
| | ठाडाखेत देखि दारेगौडा सम्म | ८ लाख |
| | ठाडाखेत देखि ढाड सम्म | ८ लाख |
| | लब्सीबोट देखि मगरडाँडा हुदैं ओडारे सम्म | ८ लाख |
| | बाँस्टारी देखि थापाथोक हुदैं ढकालडाँडा सम्म | ९ लाख नब्बे हजार |
| | छहरेखोला देखि फाँट सम्म | ८ लाख |
| | चापाश्वारा देखि चिप्यानछहरा सम्म | ५ लाख |
| | चापाश्वारा देखि पत्यान सम्म | ५ लाख |
| | स्वास्थ्य केन्द्र देखि रिजाल टोल हुँदै मजुवा सम्म | ८ लाख |
| | सिस्नेपानि देखि बुढाघर सम्म | ५ लाख |
| | अर्याल प्रतिक्षालय देखि नब्य फाँट सम्म | ९ लाख ९० हजार |
| | पुलको मुख देखि औधोगिकग्राम हुँदै नब्य सम्म | ८ लाख |
| | आँयाखोला देखि जि.टी टोल सम्म | ५ लाख |
| | जिरो पुरानो बारि देखि सिरपाला हुँदै माझपाटा सम्म | ५ लाख |

| | | |
|---|---|---|
| | केवरेफाँट देखि पिपलडाँडा हुँदै माझपाटा सम्म | ८ लाख |
| | मिलनचोक चिप्लेचौर हुँदै सिमलचौर सम्म | ५ लाख |
| | चिसापानि देखि हाँसडिखोला सम्म | ९ लाख ९० हजार |
| | खोलाको छेउ (कौडिखोला) देखि पुरनबारी सम्म | ८ लाख |
| | ओडारे देखि जलबराहा सम्म | ५ लाख |
| | बरको फेद देखि देबकोटाथर सडक सम्म | ५ लाख |
| | अर्जुनचौपारी माथिल्लो बजार सिरान देखि सिमलचौर सम्म | ८ लाख |
| | कमेरेखानि देखि केटिचौर | ५ लाख |
| | सिमलचौर भिम वहादुर विष्टको घर देखि विष्टथर हुँदै भिरमुनि जाने सडक | ५ लाख |
| **५** | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |
| | **वडा नं २ अन्तर्रगतका जग्गाहरू** | |
| **१** | **अर्जुनचौपारी - लामडाँडा सडक** | |
| | आरुकुना देखि वास्कोट सम्म | ९ लाख ९० हजार |
| | आरुकुना देखि वास्कोट सम्म (भिर खण्ड) | ५ लाख |
| | वास्कोट देखि ठुलो चौपारी सम्म | ५ लाख |
| | ठुलो चौपारी देखि लामडाँडा गा.पा सिमाना सम्म | ९ लाख ९० हजार |
| **२** | **अर्जुनचौपारी - केवरे सडक** | |
| | ठुलो चौपारी देखि काली खोला | ५ लाख |
| | काली खोला देखि केवरे सामुदायिक भवन सम्म | ९ लाख ९० हजार |
| | केवरे सामुदायिक भवन देखि लिडी काली खोला सम्म | ८ लाख |
| **३** | **केवरेखोला - भलिबल खेल मैदान सडक** | |
| | केवरेखोला देखि भलिबल खेल मैदान सम्म | १६ लाख |
| **४** | **शाखा सडकहरु** | |
| | तेर्सोबाटो देखि तल्लो पानी सम्मको तल्लो भाग | ५ लाख |
| | तल्लो पानी देखि छहरे सम्म | ९ लाख ९० हजार |
| | छहरे देखि लामडाँडा मुल बाटो सम्म | ८ लाख |
| | खोला जुकेपानी देखि भिरकोट सिमाना सम्म | ८ लाख |
| | छहरे देखि बन्द्रुक भिरकोट सिमाना सम्म | ५ लाख |
| **५** | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |
| | **वडा नं ३ अन्तर्रगतका जग्गाहरू** | |
| **१** | **अर्जुनचौपारी - आग्रिखर्क सडक** | |

| | | |
|---|---|---|
| | लामपाटा देखि दिर्जे खोला पुलसम्म | १६ लाख |
| | दिर्जे खोला पुल देखि फट्टिको खोलासम्म बस्ती बस्न योग्य जग्गाहरु | ९ लाख ९० हजार |
| | दिर्जे खोला पुल देखि फट्टिको खोलासम्म भिर खण्ड | ५ लाख |
| | फट्टिको खोला देखि वडा कार्यालय नजिकैको ठाडो खोलासम्म | ५ लाख |
| | ठाडो खोलादेखि गैराघर सम्म | १२ लाख |
| | गैराघर देखि समिको चौपारीसम्म | ५ लाख |
| | समिको चौपारी देखि पिपलडाँडा ट्रान्समिटरसम्म बस्न योग्य जग्गाहरु | ८ लाख |
| | समिको चौपारी देखि पिपलडाँडा ट्रान्समिटरसम्म भिरपाखा भएका जग्गाहरु | ५ लाख |
| | पिपलडाँडा ट्रान्समिटर देखि ४ नं वडाको सिमानासम्म | ५ लाख |
| २ | **अर्जुनचौपारी - आग्रिखर्क - पर्वत सडक** | |
| | जिरो देखि सल्यान स्कुलसम्म बस्ती बस्न योग्य जग्गाहरु | ८ लाख |
| | जिरो देखि सल्यान स्कुलसम्म भिरपाखा भएका जग्गाहरु | ५ लाख |
| | सल्यान स्कुल देखि सतमुलेसम्म | ८ लाख |
| | सतमुले देखि वांङ्गे बजारसम्म | ५ लाख |
| | वांङ्गे बजार देखि साँधको खोला पर्वतसम्म | ९ लाख ९० हजार |
| ३ | **शाखा सडकहरु** | |
| | वांङ्गे बजार देखि टिमुरे भञ्याङ्गसम्म | ८ लाख |
| | शान्ती चोक देखि थानाश्वार एकानन्द गुफासम्म | ५ लाख |
| | छाप देउराली देखि सिरवारे गौडासम्म | ५ लाख |
| | थङ्तुङ् खेत देखि मड्कील्लासम्म | ५ लाख |
| | झिगेखोला देखि डिहीसम्म | ८ लाख |
| | डिहीको खेत देखि खोले बस्तीसम्म | ९ लाख ९० हजार |
| | डिहिको खेत देखि निवुवाबोट नयाँ बस्ती सम्म | ५ लाख |
| | सिरण्डाँडा तल्लो बाटो चिसापानी देखि जनैमन्त्रनी चौपारीसम्म | ५ लाख |
| | जनैमन्त्रनी चौपारी देखि वनपाखेसम्म | ९ लाख ९० हजार |
| ४ | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |
| | **वडा नं ४ अन्तर्रगतका जग्गाहरू** | |
| १ | **अर्जुनचौपारी - रापाकोट - आरुचौर सडक** | |
| | देउराली घुम्ति देखि रापाकोट प्रहरी चौकि सम्म | १२ लाख |
| | रापाकोट प्रहरी चौकि देखि बादुरे सम्म | ५ लाख |

| | | |
|---|---|---|
| | बादुरे देखि लेक जाने बाटो (ठुला स्वाँरा) सम्म | ९ लाख ९० हजार |
| | लेक जाने बाटो (ठुला स्वाँरा) देखि नैसि खोला सम्म | ५ लाख |
| | नैसि खोला देखि  खेवाङ घुम्ति सम्म | ९ लाख ९० हजार |
| | खेवाङ घुम्ति देखि नेपाने सम्म | ५ लाख |
| | नेपाने देखि वडा नं ५ को सिमाना सम्म | ९ लाख ९० हजार |
| २ | **वनपाखे-ओख्ले - खेवाङ् सडक** | |
| | वनपाखे देखि ढाँव गरा सम्म | ८ लाख |
| | ढाँव गरा देखि ढाँडे चौपारी सम्म | ५ लाख |
| | ढाँडे चौपारी  खेवाङ तिनघरे (मेन रोड जोडिने बाटो) सम्म | ८ लाख |
| ३ | **शाखा सडकहरु** | |
| | निसान प्रतिक्षालय देखि कालिका मन्दिर, सुनार टोल हुदै चण्डि डाँडा सम्म | ९ लाख ९० हजार |
| | ढाँडे चौपारी देखि ओख्ले सम्म | ५ लाख |
| | ढाँवे चौपारी देखि मरेसा टारी खेत सम्म | ५ लाख |
| | चण्डि डाँडा देखि खोरिया टोल र गुरूङ्ग च्यानडाँडा सम्म | ५ लाख |
| | कमेरे खोला देखि लेक कडुस रूख सम्म | ५ लाख |
| | खेवाङ् देखि एकानन्द गुफा सम्म | ५ लाख |
| | मड्किनी देखि भालुखर्क सम्म | ५ लाख |
| | निवुवोट देखि राम्चे गाउँ सबै | ८ लाख |
| ४ | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |
| | **वडा नं ५ अन्तर्गतका जग्गाहरु** | |
| १ | **अर्जुनचौपारी - राम्चे तालपोखरी सडक** | |
| | बुके खोला देखि भिर कुना सम्म | ९ लाख ९० हजार |
| | भिरकुना देखि सोति काँफल डाँडा सम्म | ५ लाख |
| | सोति काँफल डाँडा देखि भिर माथि सम्म | ९ लाख ९० हजार |
| | भिरमाथि देखि घोप्टे ओडार सम्म | ५ लाख |
| | घोप्टे ओडार देखि वडा कार्यालय सम्म (तल्लो भाग) | ९ लाख ९० हजार |
| | घोप्टे ओडार देखि  वडा कार्यालय सम्म (माथिल्लो भाग) | ५ लाख |
| | वडा कार्यालय देखि मुलाबारि खोला सम्म | ९ लाख ९० हजार |
| | मुलाबारि देखि चाँपा खाल्टा कालिका आ.वि (तल्लो भाग) | ९ लाख ९० हजार |
| | मुलाबारि देखि चाँपा खाल्टा कालिका आ.वि (माथिल्लो भाग) | ५ लाख |
| | चाँपा खाल्टा कालिका आ.वि ५ नः वडा सिमाना गैडाखर्क सम्म | ९ लाख ९० हजार |
| २ | **नागडाँडा  - आरुचौर- कार्किनेटा सडक** | |

| | | |
|---|---|---|
| | बयाले बजार र घण्टे बजार क्षेत्र वरिपरि | ९ लाख ९० हजार |
| | बयाले देखि दोबाने खोला सम्म | ५ लाख |
| ३ | **शाखा सडकहरु** | |
| | अन्य शाखा बाटोको हकमा | ५ लाख |
| ४ | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |
| | **वडा नं ६ अन्तर्गतका जग्गाहरू** | |
| १ | **पुतलिबजार- दरौ-आरुचौर सडक** | |
| | पुतलिबजार सिमाना देखि वाईथाने खोला हुँदै भेडावारि ढलान बाटो सम्म | ५ लाख |
| | भेडावारि ढलान बाटो देखि भालुखर्क डिल सम्म | ९ लाख ९० हजार |
| | भालुखर्क डिल देखि आँहाले सम्म | ५ लाख |
| | आँहाले देखि नयागाँउ दलित बस्ति सम्म | ९ लाख ९० हजार |
| | नयागाँउ दलित बस्ति स्वास्थ्य चौकि सम्म | ५ लाख |
| | स्वास्थ्य चौकि देखि वैराके सम्म | ८ लाख |
| | वैराके प्रगति चोक देखि बजारमारा डाँडा सम्म (तल्लो भाग) | ८ लाख |
| | वैराके प्रगति चोक देखि बजारमारा डाँडा सम्म(माथिल्लो भाग) | ५ लाख |
| | बजारमारा डाँडा देखि वडा कार्यालय चोक सम्म | ८ लाख |
| | वडा कार्यालय चोक देखि आरूचौर ढाँड सम्म (तल्लो भाग) | ८ लाख |
| | वडा कार्यालय चोक देखि आरूचौर ढाँड सम्म (माथिल्लो भाग) | ५ लाख |
| | आरूचौर ढाँडको ५० मि लम्बाई सम्म | ५ लाख |
| | आरूचौर ढाँड देखि दरौ सार्वजनिक शौचालय सम्म | ८ लाख |
| | दरौ सार्वजनिक शौचालय देखि दरौ स्कुल सम्म | ५ लाख |
| | दरौ स्कुल देखि शिवालय मन्दिर हुँदै साउनेपानि सम्म | ९ लाख ९० हजार |
| २ | **अर्जुनचौपारी हुँदै दरौ सडक** | |
| | अर्जुनचौपारी झाँक्रिथान देखि खरपेटो चोक सम्म | ९ लाख ९० हजार |
| | खरपेटो चोक देखि जरेवर सम्म | ५ लाख |
| ३ | **शाखा सडकहरु** | |
| | घट्टे खोला पुल देखि तमाखाबारी आला सम्म | ५ लाख |
| | आला मुनि देखि कुरूमडाँडा दुर्गा मन्दिर सम्म | ५ लाख |
| | कुरूमडाँडा दुर्गा मन्दिर देखि माथिल्लो पुरानो पानि ट्याङ्कि (माथिल्लो भाग) | ५ लाख |
| | कुरूमडाँडा दुर्गा मन्दिर देखि माथिल्लो पुरानो पानि ट्याङ्कि(तल्लो भाग) | ५ लाख |

| | | |
|---|---|---|
| | तमाखुबारि सहायक सडक देखि दलित बस्ति डहरमुनि बस्ति सम्म | ५ लाख |
| | शिवालय मन्दिर देखि चण्डि थान सम्म | ५ लाख |
| | चण्डिथान देखि कर्नको चौपारिसम्म | ५ लाख |
| | कर्नको चौपारि देखि गोसाङ् सम्म | ५ लाख |
| | मनहोर डाँडा देखि भुमिको थान सम्म | ५ लाख |
| | बोडिखोला देखि मुसुरबारि आरन सम्म | ५ लाख |
| | मुसुरबारि आरन देखि मुसुरबारि चोक सम्म | ८ लाख |
| | आरूचौरको ढाँड देखि भुमिको थान सम्म | ५ लाख |
| | रातमाटा देखि विरूवा पाखो सम्म | ५ लाख |
| | विरूवा पाखा देखि तमाखुबारि स्कुल सम्म | ५ लाख |
| ४ | **अन्य शाखा बाटो तथा भिर, पहरा खण्ड** | |
| | अन्य शाखा बाटोले छोएका तथा भिर खण्डमा पर्ने जग्गाहरु | ५ लाख |

**२.सम्पत्ती तथा मालपोत कर प्रयोजनका लागि सडकले छोएको तर कृषि योग्य जग्गा मूल्याङ्कन**

| **क्र.स** | **कृषि योग्य जग्गाहरु** | **प्रति रोपनी (रु)** |
|---|---|---|
| १ | वडा नं १ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ६ लाख ९० हजार |
| २ | वडा नं २ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ६ लाख ५० हजार |
| ३ | वडा नं ३ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ६ लाख २० हजार |
| ४ | वडा नं ४ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ५ लाख ९० हजार |
| ५ | वडा नं ५ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ५ लाख ५० हजार |
| ६ | वडा नं ६ अन्तर्गत सडकले छोएको तर ५ रोपनी भन्दा ठूलो कृषि योग्य जग्गाहरु | ५लाख ३० हजार |

**२.१ तर सडकले छोएका कृषि योग्य जग्गा अन्तरगत भिर, पाखो, पहिरो, वन लगायत कुनै पनि प्रयोजनामा नआउने खालका जग्गाहरु सम्बन्धित वडाको वडा अध्यक्ष/ वडा सदस्य ले स्थलगत निरिक्षण गरि कुनै पनि काममा नआउने जग्गा भनि सिफारिस गरिएको खण्डमा सडकले नछोएको कृषि योग्य जग्गाको मूल्याङ्कन बमोजिमको दरमा कर लाग्नेछ।**

### ३.सम्पत्ती तथा मालपोत कर प्रयोजनका लागि सडकले नछोएको कृषि योग्य जग्गा मूल्याङ्कन

| क.स | साविकको गाउँपालिका | प्रति रोपनी |
|---|---|---|
| १ | आरुचौर (हाल को वडा नं ५) | ६०१०० |
| २ | अर्जुनचौपारी (हाल को वडा नं १ र २ ) | ९६२०० |
| ३ | पञ्चमूल (हाल को वडा नं ४ र ६) | ७५०५० |
| ४ | रापाकोट (हाल को वडा नं ३ र ४ ) | ७३२०० |
| ५ | दरौं (हाल को वडा नं ६ ) | ७५२०० |

### ४.सम्पत्ती तथा मालपोत कर प्रयोजनका लागि सडकले नछोएको आवास योग्य जग्गा मूल्याङ्कन

| क.स | साविकको गाउँपालिका | प्रति रोपनी (रु) |
|---|---|---|
| १ | आरुचौर (हालको वडा नं ५) | ५ लाख २५ हजार |
| २ | अर्जुनचौपारी (हालको वडा नं १ र २ ) | ७ लाख ९० हजार |
| ३ | पञ्चमूल (हालको वडा नं ४ र ६) | ५ लाख ९० हजार |
| ४ | रापाकोट (हालको वडा नं ३ र ४ ) | ६ लाख ९९ हजार |
| ५ | दरौं (हालको वडा नं ६ ) | ५ लाख ५० हजार |

**नोटः- मालपोत तथा सम्पत्ती करको मूल्य को प्रति वर्ष १०% थप हर्जना लाग्ने छ ।**

## अनुसुची - ४
## (आर्थिक ऐनको दफा ४ सँग सम्बन्धित)

### बहाल करको दर

अर्जुनचौपारी गाउँपालिका क्षेत्रभित्रका कुनै व्यक्ति वा संस्थाले भवन ,घर, पसल, ग्यारेज, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहाल लगाएकोमा बहाल रकम देहायबमोजिम बहाल संकलन गरिनेछ ।

१.करदाताले आफुले वहालमा लगाएको बहाल रकम स्वयं घोषणा गर्न सक्नेछ ।

२. करदाताले गरेको स्वयं घोषणा वा बहाल लिने दिने बित भएको सम्झौता बमोजिमको बहाल दर वा कूल बहाल रकम सुत्रबाट कायम हुने दर अनुसारको बहाल रकम भन्दा बढी हुने आएमा स्वयं घोषणा वा सम्झौता अनुसारको रकमलाई बहाल-रकम मानी बहाल कर असूल उपर गरिनेछ ।

३. उपदफा १ र २ बमोजिम बहाल कर निर्धारण गर्न नसकिएमा प्रतिमहिना प्रतिवर्ग फिट न्यूनतम बहाल दर निर्धारण गर्दा देहायको सुत्रका आधारमा गरिनेछ ।

बहाल दर= जग्गाको प्रति आना मूल्य/१००००० + घरको प्रति वर्ग फिट मूल्य गुणक C/१००

४ उपदफा ३ बमोजिम बहाल कर निर्धारण गर्दा सम्पत्ति कर प्रयोजनको लागि तोकिए बमोजिम कायम भएको जग्गाको प्रति आना मूल्य र घरको बनोटको लागि तोकिए बमोजिम कायम भएको घरको प्रति वर्ग फिट मूल्यलाई आधार लिईनेछ ।

५. उपदफा ३ मा उल्लेखित सुत्रमा गुणक निर्धारण गर्दा बहाल वा भाडामा उपलब्ध गराउने भवन घर पसल गोदाम टहरा जग्गा वा पोखरी वा अन्य सम्पत्ति रहेको स्थान सडकसँगको अवस्था उपयोग व्यावसायिक महत्व उपलब्ध सुविधाहरु घरको फिनिसिङ घरको बनौट प्लिन्थ-एरिया तला आदिलाई आधार लिई

(क) c( coefficient) 0.2 भन्दा कम नहुने र २.० भन्दा अधिक नहुने गरी कायम गरिनेछ ।

(ख) सूत्रमा उल्लेख भएको c (coefficient ) प्रस्तावित दर निर्धारण गर्नका लागि प्रत्येक आर्थिक वर्षको बजेट निर्माण अगावै अर्जुनचौपारी गाउँपालिका राजश्व परामर्श समितिले सम्बन्धित वडाका जनप्रतिनिधिसँग परामर्श गरी सिफारिस गर्न सक्नेछ ।

६. कूल बहाल रकमको बार्षिक १० प्रतिशतका दरले बहाल कर लगाई असुल गरिनेछ ।

७. बहाल दर निर्धारण प्रयोजनका लागि गुणक (coefficient) निम्न अनुसार कायम गरिएको छ ।

(क) क्षेत्रः दरौंखोला बजारको पक्की मुल बाटो हुँदै सडकको दाँयाबाँया जोडिएको बहाल कर दर निर्धारण प्रयोजनका लागि गुणक (Coefficient ) कायम गर्ने।

(ख) क्षेत्र माथि उल्लेखित क्षेत्रहरु बाहेकका अन्य क्षेत्रहरुका लागि गुणक ( Coefficient-C2 ) कायम गर्ने

| प्रयोजन | गेरकC1 | गुणकC2 |
|---|---|---|
| व्यापारिक प्रयोजन | ०.२० | ०.२० |
| कार्यालय प्रयोजन | ०.३५ | ०.३० |
| आवासीय प्रयोजन | ०.५० | ०.४० |

**अनुसुची - ५**
**(आर्थिक ऐनको दफा ५ सँग सम्बन्धित )**

**व्यवसाय करको दररेट**

| **क्र.सं** | **व्यवसायको विवरण** | **दररेट (रु)** | |
|---|---|---|---|
| | | **दर्ता** | **नविकरण** |
| **१** | **पर्यटन उद्योग** | | |
| १.१ | होमस्टे | १००००/- | २०००/- |
| १.२ | होटल एण्ड लज | २०००/- | १०००/- |
| १.२ | रेष्टुरेण्ट | १५००/- | १०००/- |
| १.३ | खाजाघर | १०००/- | ५००/- |
| १.४ | पर्यटकीय क्षेत्र प्रवेश विद्यार्थी र अन्यलाई | २५/५० | |
| **२** | **व्यापारिक वस्तु** | | |
| २.१ | खाद्यान्न | २०००/- | ७५०/- |
| २.२ | मदिरा तथा सुर्तिजन्य | ३०००/- | १०००/- |
| २.३ | फेन्सी (उनी धागो ,जुत्ता चप्पल ,श्रृंगार पसल) | २०००/- | ७५०/- |
| २.४ | पेट्रोल पम्प/आयल पम्प | ५०००/- | ३०००/- |

| | | | |
|---|---|---|---|
| २.५ | ईलेक्ट्रोनिक तथा ईलेक्ट्रिकल पसल/रेडियो विद्युतीय सामाग्री , टि.भी , घडी मोवाईल, विक्री पसल | २०००/- | ७५०/- |
| २.६ | हेभी ईक्युपमेन्ट, वस, ट्रक ,कार, मोटरसाईकल ,टेम्पो ,साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र वर्कशप | ३०००/- | २०००/- |
| २.७ | निर्माण सामाग्री (हार्डवेयर /रङ रोगन) | ३०००/- | २०००/- |
| २.८ | सुनचाँदी | ३०००/- | २०००/- |
| २.९ | सपिङ सेन्टर | ३०००/- | १५००/- |
| २.१० | स्टेसनरी | २०००/- | १०००/- |
| **३** | **अन्य सेवा** | | |
| ३.१ | फर्निचर पसल | २५००/- | १५००/- |
| ३.२ | हार्डवेयर | ३०००/- | २०००/- |
| ३.३ | केवुल नेटवर्किङ | ४०००/- | २०००/- |
| ३.४ | पुलवोर्ड (प्रति स्क्रिम ) | १०००/- | ६००/- |
| ३.५ | भिडियो गेम (प्रति स्क्रिम रु२००) | ४००/- | २००/- |
| ३.६ | नर्सरी र फलफुलका विरुवा विक्रिवितरण | १०००/- | ५००/- |
| ३.७ | संस्थागत पेन्टर | ५००/- | ५००/- |
| ३.८ | तरकारी फलफुल/ थोक (होलसेल ) | २०००/- | १५००/- |
| ३.९ | तरकारी पसल (सानो ) | १०००/- | ५००/- |
| ३.१० | विज भण्डार | १०००/- | ५००/- |
| ३.११ | मासु पसल | १५००/- | १०००/- |
| ३.१२ | कपडा सिलाई /टेलरिङ | १५००/- | १०००/- |
| ३.१३ | हेयर कटिङ | १५००/- | १०००/- |
| ३.१४ | आर्ट | २०००/- | १५००/- |
| ३.१५ | फोटो स्टुडियो | २०००/- | १५००/- |
| ३.१६ | रंगरोगन पसल | ३०००/- | २०००/- |
| ३.१७ | माछा फाराम | १५००/- | १०००/- |
| ३.१८ | भैंसी फाराम | १५००/- | १०००/- |
| ३.१९ | बाख्रा/कुखुरा/वंगुर फाराम | २०००/- | १५००/- |
| ३.२० | चस्मा पसल | १०००/- | ५००/- |
| **४** | **मर्मत संभार** | | |
| ४.१ | रेडियो, टिभि, घडी ,प्रेशर कुकर | २०००/- | १५००/- |
| **५** | **सेवा उद्योग** | | |

| | | | |
|---|---|---|---|
| ५.१ | ड्राईभिङ ईन्स्च्युट | १०००/- | ५००/- |
| ५.२ | सिनेमा हल | ५०००/- | २५००/- |
| ५.३ | ल्याव तथा फोटो ग्राफी | १०००/- | ५००/- |
| ५.४ | मेडिकल पसल | १०००/- | ५००/- |
| ५.५ | व्युटी पार्लर छापाखाना | ५००/- | ५००/- |
| ५.६ | छापाखाना | २०००/- | १५००/- |
| ६ | **कृषि तथा वनजन्य उद्योग** | | |
| ६.१ | कृषि वा वन पैदावारमा आधारित उद्योग, व्यवसाय फर्निचर | ३०००/- | २०००/- |
| ७ | **उर्जामुलक** | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य स्रोतहरु | २०००/- | १५००/- |
| ८ | **उत्पादन मुलक उद्योग** | | |
| ८.१ | पाउरोटी भण्डार /बेकरी | २०००/- | १५००/- |
| ८.२ | राईस मिल | १५००/- | १०००/- |
| ८.३ | आईसक्रिम उद्योग तथा पसल | १५००/- | १०००/- |
| ८.४ | डेरी उद्योग | १५००/- | १०००/- |
| ९. | **वित्तिय सेवा** | | |
| ९.१ | वित्तिय सेवा र सहकारी संस्था/कृषि सहकारी संस्था | ५०००/- | ३०००/- |
| ९.२ | रेमिटेन्स सेवा | १५००/- | ५००/- |
| १० | **स्वास्थ्य सेवा** | | |
| १०.१ | निजी तथा गैरसरकारी अस्पताल | ५०००/- | ३०००/- |
| १०.२ | नर्सिङ होम | ५०००/- | ३०००/- |
| १०.३ | क्लिनिक तथा ल्याव | २५००/- | १५००/- |
| १०.४ | फार्मेसी | २५००/- | १५००/- |
| १०.४ | दाँत बनाउने पसल | २०००/- | १०००/- |
| ११ | **शिक्षा सेवा**<br>**निजि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ मा वि मा वि र प्रा वि** | | |
| ११.१ | क्याम्पस | १५०००/- | १००००/- |
| ११.२ | मा.वि | १२०००/- | ७०००/- |
| ११.३ | आधारभुत | ७०००/- | ५०००/- |

| | | | |
|---|---|---|---|
| ११.४ | टाईपिङ कम्प्युटर  तथा भाषा प्रशिक्षण संस्था | २०००/- | १५००/- |
| ११.५ | सिलाई बुनाई पेन्टिङ कटिङ प्रशिक्षण | २०००/- | १५००/- |
| ११.६ | टेक्निकल ईन्स्चिच्युट | २०००/- | १५००/- |
| **१२** | **निर्माण व्यवसाय** | | |
| १२.१ | निर्माण व्यवसायी  गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा ( दर्ता /नविकरण) | १५०००/- | १००००/- |
| १२.२ | निर्माण व्यवसाय सुचिकृत (अन्यत्र दर्ता भएका) | क वर्ग | १००००/- |
| | | ख वर्ग | ६०००/- |
| | | ग वर्ग | ४०००/- |
| | | घ वर्ग | २०००/- |
| १२.३ | नामसारी /ठाउँसारी | १५०००/- | |
| **१३** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| १३.१ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक, कविराज) | २५००/- | १५००/- |
| १३.२ | ल.फर्म | २५००/- | १५००/- |
| १३.३ | कन्सल्टेन्सी फर्म (ईन्जिनियरिङ) | ७०००/- | ३५००/- |
| १३.४ | ज्योतिष | १०००/- | ५००/- |
| १३.५ | अडिटर फर्म सूचिकरण | १०००/- | |
| १३.६ | अन्य व्यवसाय सुचिकरण | २००/- | |
| | इन्जिनियरिङ परामर्श सेवा (प्रति दिन/प्रति घर/प्रति फर्म) | १०००/- | |
| **१४** | **अन्य व्यवसाय** | | |
| १४.१ | कवाडी सामानको थोक विक्रेता | ३०००/- | २०००/- |
| १४.२ | टेण्ट हाउस | २०००/- | १५००/- |
| १४.३ | लाउण्ड्री पसल | १०००/- | ५००/- |
| १४.४ | मादल पसल | ५००/- | ३००/- |
| १४.५ | माटोको भाँडा बनाउने | ५००/- | ३००/- |
| १४.६ | मिठाई पसल र मिष्ठान्न भण्डार | १५००/- | १०००/- |
| १४.७ | ट्याङ्की पसल | १०००/- | |
| **१५** | **साना उद्योग** | | |
| १५.१ | कटिङ ढुङ्गा उद्योग | ५०००/- | ३०००/- |

| | | | |
|---|---|---|---|
| १५.२ | ईट्टा भट्टा | ५०००/- | ३०००/- |
| १५.३ | ग्रिल उद्योग | ३०००/- | २०००/- |
| १५.४ | ब्लक उद्योग | ३०००/- | २०००/- |
| १५.५ | अन्य उद्योग /व्यावसाय | २०००/- | १५००/- |
| १६. | एक भन्दा वढि व्यवसाय विस्तार गरि सेवा प्रदान गरेमा प्रति थप व्यवसायको | १०००/- | ५००/- |

अस्थायी र छाप्रो निर्माण तर्दा अस्थायी नक्सा पास पेश गर्नु पर्नेछ ।५०० वर्ग फिट सम्मको लागि निर्माण दस्तुर रु ५०० र ५०० वर्ग फिट भन्दा बढी भएका छाप्रोको बढी हुन आउने प्रति वर्ग फिट रु १ का दरले लिने। कुनै कित्तामा एक भन्द बढी छाप्रो बनाउन पर्ने भएमा सवै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

नोट. औद्योगिक ग्राममा ठाउँसारी /दर्ता हुनेलाई औद्योगिक ग्राम सञ्चालन कार्यविधि अनुरुप हुने ।

## अनुसुची - ६
## (आर्थिक ऐनको दफा ६ सँग सम्बन्धित )

### दहत्तर बहत्तर शुल्क

| क्र.स | विवरण | रकम (रु) |
|---|---|---|
| १ | ढुङ्गा/ गिट्टि प्रति ट्याक्टर | रु १२००/- |
| २ | वालुवा प्रति ट्याक्टर | रु १५००/- |
| ३ | माटो प्रति ट्याक्टर | ३००/- |
| ४ | ग्राभेल प्रति ट्याक्टर | ९००/- |
| ५ | आफ्नै जग्गाबाट निकालेको ढुङ्गा | रु ६००/- प्रति ट्याक्टर |
| ६ | कटिङको लागि ढुङ्गा प्रति ट्याक्टर | २०००/- |

## अनुसुची - ७
### (आर्थिक ऐनको दफा ८ सँग सम्बन्धित )

### सवारी साधन दर्ता तथा नविकरण/ सूचीकरण शुल्क

| सि.नं | विवरण | वार्षिक सूचीकरण/दर्ता (रु) |
|---|---|---|
| १ | चार पाङ्ग्रे हेभी सवारी साधन | १०००/- |
| २ | चार पाङ्ग्रे हलुका सावरी साधन | ७००/- |
| ३ | अटो रिक्सा दर्ता | ७०००/- |
| ४ | अटो रिक्सा नविकरण | ३५००/- |
| ५ | अटो रिक्सा प्रमाणपत्र प्रतिलिपि | ३००/- |
| ६ | अन्यत्र दर्ता भएका अटो रिक्सा सूचीकृत | १०००/- |
| ७ | अटो रुट पर्मिट अर्धवार्षिक | ५००/- |
| ८ | अटो रुट पर्मिट वार्षिक | १०००/- |

## अनुसुची - ८
### (आर्थिक ऐनको दफा ९ सँग सम्बन्धित )

### विज्ञापन करको दररेट

| क्र.सं | विवरण | दर (रु) |
|---|---|---|
| १ | फ्लेक्स बोर्डबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ५००/- |
| २ | फ्लेक्स बोर्ड ग्लो साईन बोर्ड स्टिकरबाट गिने विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ३५०/- |
| ३ | नियोग साईन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट | ५००/- |
| ४ | सवारी साधनको दाँयाबायाँ पट्टीको भागमा बीस स्क्वायर फुटसम्म अस्थायी प्रकृतिको बोर्ड राखी गरिने विज्ञापनका लागि प्रति दिन | २००/- |
| ५ | सवारी साधनमा स्थायी रुपमा लेखिएको वा छोपिएको प्रचार सामाग्री का लागि प्रतिवर्ष प्रतिवर्ग फुट | ३००/- |
| ६ | खेलकूद मैदान र यस्तै प्रकृतीका अनुमति लिएर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत् सम्बन्धित आयोजकबाट | पहिलो दिन १०००/- |
| ७ | बेलुन ज्याकेट साईकल मोटरसाईकल प्रयोग गरि गरिने विज्ञापन वा डमी प्रचारमा प्रति गोटा प्रति दिन | २००/- |
| ८ | विज्ञापन प्रयोजनको लागि ब्राण्ड कलरको हकमा प्रतिवर्गफिट प्रतिवर्ष | २००/- |

(Sign Board) राखेमा नियमानुसार लाग्ने विज्ञापन करमा ७५ प्रतिशत छुट उपलब्ध गराईनेछ। तर एक भन्दा बढी वा १५ वर्ग फुट भन्दा ठुलो आकारको बोर्डमा छुट दिईने छैन।

(ख) स्थानीय लिपि प्रयोग गरी गरिएका विज्ञापन /परिचयपाटीमा लाग्ने विज्ञापन करमा ९० प्रतिशत छुट प्रदान गरिनेछ।

## अनुसुची - ९
## (आर्थिक ऐनको दफा १० सँग सम्बन्धित )

### मनोरन्ञ्जन कर

| क्र.स | विवरण | रकम प्रतिदिन (रु) |
|---|---|---|
| १ | पिकनिक भाडाँकुडाँ प्रयोग (ग्याँस विना) सहित पिकनिक स्पोर्ट चार्ज वापत | २५००/- |
| २ | पिकनिक स्पोर्टमा ग्याँस प्रयोग गरेमा प्रति सिलिन्डर थप | २०००/- |
| ३ | पिकनिक स्पोर्ट चार्ज वापत | १०००/- |
| ४ | बोटानिकल पार्क इन्ट्रि फि प्रति व्यक्ति | ५०/- |
| ५ | २० जना भन्दा बढिको समूह भएमा प्रति व्यक्ति | २०/- |
| ६ | बोटानिकल पार्क इन्ट्रि फि विद्यार्थीको लागि | २५/- |
| ७ | २० जना भन्दा बढिको समूह भएमा प्रति विद्यार्थी | १०/- |

## अनुसुची -१०
## (आर्थिक ऐनको दफा १४ सँग सम्बन्धित )

## सेवा शुल्क दस्तुर

| क्र.सं | सिफारिस तथा सेवा शुल्कको विवरण | सेवा शुल्क दस्तुर (रु) |
|---|---|---|
| | **विभिन्न सिफारिस दस्तुर** | |
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २००/- |
| २ | नागरिकता ऐन अनुसार जन्मको आधारमा गरिने नागरिकता सिफारिस | ५००/- |
| ३ | गैर आवासिय नागरिकता सिफारिस | ५०००/- |
| ४ | अंगिकृत नागरिकता सिफारिस | १२००/- |
| ५ | नागरिकताको प्रतिलिपि सिफारिस | ३००/- |
| ६ | नागरिकताको संशोधन सिफारिस | ५००/- |
| ७ | नागरिकताको ठेगाना सिफारिस | २००/- |
| ८ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ६००/- |
| ९ | विधुत जडान सिफारिस (सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने) | ३००/- |
| १० | विधुत जडान थ्रिफेज (सार्वजनिक जग्गामा निर्मित संरचनामा सिफारिस नहुने) | १५००/- |
| ११ | नाम थर जन्म मिति संशोधन नाम छुट तथा दुई नाम एकै सिफारिस | ५००/- |
| १२ | हातहतियार नविकरण सिफारिस शुल्क | १०००/- |
| १३ | सर्जमिन मुचुल्का गर्नुपर्ने सिफारिस | ७००/- |
| १४ | जग्गाधनी श्रेस्ता कायम तथा प्रतिलिपि सिफारिस | २००/- |
| १५ | जग्गाधनी पुर्जामा घर कायम सिफारिस | ३००/- |
| १६ | स्थायी तथा अस्थायी बसोबास सम्बन्धी सिफारिस | ३००/- |
| १७ | घर जग्गा नामसारी सिफारिस | ३००/- |
| १८ | सम्बन्ध बिच्छेद भएको सिफारिस | १०००/- |
| १९ | पारिवारिक पेन्सन सिफारिस | १०००/- |
| २० | पारिवारिक सिफारिस | २००/- |
| २१ | हकवाला संरक्षक सिफारिस | २००/- |
| २२ | व्यापार व्यवसाय नभएको सिफारिस | २००/- |
| २३ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २००/- |
| २४ | घरनक्सा नामसारी सिफारिस | ७००/- |

| | | |
|---|---|---|
| २५ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसि | १५००/- |
| २६ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ५००/- |
| २७ | घर बाटो सिफरिस (विक्री गर्ने/ खरिद गर्ने) दुवै पक्षबाट | ५००/५००/- |
| २८ | बकसपत्र सिफरिस (साकार) | ५००/- |
| २९ | अपुतालि सिफारिस (नामसारी) | ५००/- |
| ३० | घर कायम सिफरिस (कच्ची) | ५००/- |
| ३१ | घर कायम सिफरिस (पक्की) | १०००/- |
| ३२ | निजी क्षेत्रमा रुख कटान सिफारिस | १०००/- |
| ३३ | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक) प्रति रोपनी | १०००/- |
| ३४ | छुट जग्गा दर्ता सिफरिस | १०००/- |
| ३५ | नाबालक परिचयपत्र सिफारिस | २००/- |
| ३६ | दलित जनजाति आदिवासी सिफारिस | २००/- |
| ३७ | कर क्लियर सिफारिस | ५००/- |
| ३८ | जिवितै सिफारिस | ५००/- |
| ३९ | सम्पूर्ण नविकरण सिफारिस | ५००/- |
| ४० | खानेपानी जडान सम्बन्धी सिफारिस | २००/- |
| ४१ | घरबाटो सिफारिस / घरबाटो सिफारिस (अन्य प्रयोजन) | ५००/- |
| ४२ | संस्था दर्ता सिफारिस | ५००/- |
| ४३ | घर ढलान गर्दा बाटो प्रयोग सम्बन्धी सिफारिस | ५००/- |
| ४४ | चारकिल्ला सिफारिस/ १० कित्ता सम्म न्युनतम (सो भन्दा माथि प्रतिकित्ता रु २० का दरले | ५००/- |
| ४५ | व्यवसाय दर्ता सिफारिस | ५००/- |
| ४६ | Heavy Equipment निजि प्रयोग सिफारिस | ५००/- |
| ४७ | माथि उल्लेखित भएका बाहेक सबै प्रकारका सिफारिस | ३००/- |
| ४८ | **उद्योग दर्ताको लागि सिफारिस,** | |
| | (क) साना | १०००/- |
| | (ख)मझौला | १५००/- |
| | (ग)ठुला | २०००/- |
| | उद्योग ठाउँ सारी सिफारिस | १०००/- |
| ४९ | **विद्यालय सञ्चालन तथा थप अनुमतिको सिफारिस** | |
| | निजी विद्यालय सञ्चालन तथा थप अनुमतिको सिफारिस | |
| | (क) वाल विकास केन्द्र सञ्चालन अनुमति | १५००/- |
| | (ख) आधारभुत विद्यालय | २०००/- |
| | (ग) मा.वि. | ३०००/- |

| | | |
|---|---|---|
| | (घ) स्नातक/स्नाकोत्तर | ८०००/- |
| ५० | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | |
| | (क) बाल विकास केन्द्र सञ्चालन अनुमति | ५००/- |
| | (ख) आधारभुत विद्यालय | १०००/- |
| | (ग) मा.वि. | १५००/- |
| | (घ) स्नातक/स्नातकोत्तर | २०००/- |
| | **घटना दर्ता सम्बन्धी सेवाहरु** | |
| १ | व्यक्तिगत घटना दर्ता ३५ दिनपछि | २००/- |
| २ | व्यक्तिगत घटना दर्ता संशोधन सिफारिस | ५००/- |
| ३ | घटना दर्ता प्रतिलिपि सिफारिस | ५००/- |
| ४ | व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको | २००/- |
| | **निशुल्क सेवाहरु** | |
| १ | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क |
| २ | छात्रवृत्ती सिफारिस स्वदेश अध्ययन | निशुल्क |
| ३ | विपन्न नागरिक सिफारिस/गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरुको परिचयपत्र सम्बन्धी आर्थिक अवस्था कमजोर भई निशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरुमा सिफारिस दस्तुर छुट दिईनेछ । | निशुल्क |
| ४ | राहदानी सिफारिस | निशुल्क |
| ५ | सामाजिक सुरक्षा भत्ताको लागि परिचयपत्र बनाउने | निशुल्क |
| ६ | पालिका स्तरीय योजना सम्झौता सिफारिस | निशुल्क |
| ७ | आर्थिक सहायता सम्बन्धी सिफारिस | निशुल्क |
| ८ | ज्येष्ट नागरिक तथ अपाङ्ग परिचयपत्र वितरण सम्बन्धि सिफारिस | निशुल्क |
| ९ | कन्सुलर प्रमाणित | निशुल्क |
| **विभिन्न समिति दर्ता तथा नविकरण दस्तुर** | | |
| १ | पूर्वाधार उपभोक्ता संस्था दर्ता | २०००/- |
| २ | सामाजिक संघसंस्था दर्ता/मुहान दर्ता | १०००/- |
| ३ | सामुदायीक वन लगायतका अन्य वन उपभोक्ता समिति दर्ता/ सुचिकृत | १५००/- |
| ४ | सामुदायीक वन लगायतका अन्य उपभोक्ता समिति नविकरण | १०००/- |
| ५ | आमा समूह दर्ता | १०००/- |
| ६ | आमा समूह नविकरण | ५००/- |
| ७ | कृषि/ पशुपालन समूह दर्ता | ५००/- |
| ८ | कृषि/ पशुपालन समूह नविकरण | ३००/- |
| ९ | उल्लेखित बाहेक अन्य समूह दर्ता | ५००/- |

| | | |
|---|---|---|
| १० | उल्लेखित बाहेक अन्य समूह नविकरण | ३००/- |
| **विभिन्न प्रमाणित तथा प्रतिलिपि दस्तुर** | | |
| १ | नक्शा प्रमाणित | १०००/- |
| २ | नाता प्रमाणित नेपाली | ३००/- |
| ३ | नाता प्रमाणित अंग्रजी | ६००/- |
| ४ | इजाजत पत्र प्रमाणपत्रको प्रतिलिपि दस्तुर | ३००/- |
| ५ | कपालि तमसुक लगायत अन्य प्रमाणित दस्तुर | ३००/- |
| ६ | जन्ममिति प्रमाणित | २००/- |
| ७ | विवाह प्रमाणित | २००/- |
| ८ | अविवाहित प्रमाणित | २००/- |
| ९ | घर पाताल प्रमाणित | ५००/- |
| १० | नक्कल प्रमाणित दस्तुरः मालपोत रसिद समेत | २००/- |
| ११ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | ७००/- |
| १२ | लालपूर्जाको प्रतिलिपि | ५००/- |
| १३ | न्यायीक समिति निर्णय प्रतिलिपि दस्तुर | १००/- |
| १४ | भवन निर्माण अनुमतिपत्रको प्रतिलिपी | ५००/- |
| १५ | अन्य प्रमाणपत्रको प्रतिलिपि दस्तुर | ३००/- |
| १६ | **आम्दानी प्रमाणित** | |
| | रु १ देखी १० लाख सम्म आम्दानी प्रमाणित | ०.०५ प्रतिशत |
| | रु १० लाख देखी २० लाख सम्म आम्दानी प्रमाणित | ०.०६ प्रतिशत |
| | रु २० लाख देखी ३० लाख सम्म आम्दानी प्रमाणित | ०.०७ प्रतिशत |
| | रु ३० लाख देखि ४० लाख सम्म आम्दानी प्रमाणित | ०.०७५ प्रतिशत |
| | रु ४० लाख देखि ५० लाख सम्म आम्दानी प्रमाणित | ०.०८ प्रतिशत |
| | रु ५० लाख भन्दा बढी | ०.०९ प्रतिशत |
| **अन्य सेवा शुल्क तथा दस्तुर** | | |
| १ | मिलापत्र दस्तुर | १०००/- |
| २ | न्यायिक निवेदन दस्तुर | १००/- |
| ३ | योजना माग दस्तुर | ५००/- |
| ४ | मोहि लगत कट्टा | ७००/- |
| ५ | निर्माण व्यवसायी/ आपूर्तिकर्ताको अनुभव पत्र | १०००/- |
| ६ | छात्रवृत्ती सिफारिस वैदेशिक अध्ययन | ५००/- |
| ७ | ग्रेडसिट सच्याए वापतको शुल्क | २००/- |

| | | |
|---|---|---|
| ८ | कोटेसन फाराम शुल्क | आ.प्र.नि |
| ९ | करारसेवा परिक्षा शुल्क | लोक सेवा आयोग बमोजिम |
| १० | टेण्डर फाराम शुल्क | आ.प्र.नि |
| ११ | अमिन दस्तुर | प्रति कित्ता २०००/-, थप कित्ता रु १००/- |
| १२ | गाउँपालिका सभा हल भाडा प्रति दिन | २५००/- |
| १३ | वडा कार्यालय सभा हल भाडा प्रति दिन | १०००/- |
| १४ | यस पालिकामा दर्ता भएका पालिकाभित्रका योजनाका लागि प्रयोग हुने निर्माण सामाग्री सार्वजनिक स्थलमा राखे वापतको अनुमति दस्तुर (प्रति रोपनी प्रति महिना) | ५००/- |
| १५ | यस पालिकामा दर्ता नभएका पालिकाभित्रका योजनाका लागि प्रयोग हुने निर्माण सामाग्री सार्वजनिक स्थलमा राखे वापतको अनुमति दस्तुर (प्रति रोपनी प्रति महिना) | १०००/- |
| १६ | यस पालिकाभित्र विभिन्न सामूहिक कार्यक्रम सञ्चालनका लागि अनुमति/ सहमतिका लागि दस्तुर | १०००/- |
| १७ | गड्यौलिखोलामा १ स्टल सहितको माछा पालनको लागि दस्तुर (वार्षिक) | ५००००/- |
| १८ | पालिकाभित्रका योजनाका लागि अस्थाइ क्रसर सञ्चालनको इजाजत दस्तुर ( प्रति आयोजना ) | २५०००/- |
| १९ | शिक्षक सरुवा सहमति | २०००/- |
| २० | योजना किताब दस्तुर (प्रति किताब) | ५००/- |
| २१ | विद्यालयको लेखा परीक्षक आवेदन दस्तुर | १०००/- |
| २२ | VAT मा दर्ता भएका पालिका भित्र बाहेकका बिक्रेतालाई इजाजत दस्तुर (मासिक) | ३०००/- |
| २३ | माछा जाल प्रयोग प्रति दिन | ३००/- |
| २४ | माछा बल्छी प्रयोग प्रति दिन | १००/- |
| २५ | कुनेलो प्रयोग प्रति दिन | १००/- |
| २६ | सवारी रुट परमिट अनुमति | ३०००/- |
| २७ | सवारी रुट परमिट नविकरण | १०००/- |
| | **नक्सापास /अभिलेखिकरण दस्तुर** | |
| १ | घर अभिलेखिकरण पक्की | प्रति वर्ग फिट रु ६/- |
| २ | घर अभिलेखिकरण कच्ची | ५००/- |

| | | |
|---|---|---|
| ३ | नक्सापास निवेदन र नक्सापास किताब को रु | १००/- र १०००/- |
| ४ | भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ५/- |
| ५ | दोस्रो तलामा प्रति वर्ग फिट | ४/- |
| ६ | तेस्रो तला र सोभन्दा माथि प्रति वर्ग फिट | ५/- |
| **औद्योगीक ग्रामबाट उत्पादन भएका ढुंगाको Size को आधारमा देहाय बमोजिमको रकम लिइनेछ।** | | |
| **क्र.स.** | **कटिङ ढुगांको Size** | **प्रति गोटाको रकम (रु)** |
| १ | ८ inch | १६/- |
| २ | ९ inch | १७/- |
| ३ | १० inch | १८/- |
| ४ | ११ inch | १९/- |
| ५ | १२ inch | २०/- |
| | **पालिकाको सामाग्रि प्रयोग वापतको सेवा शुल्क दस्तुर** | |
| १ | पालिकाको डोजर प्रयोग वापत | कार्यविधि बमोजिम |
| २ | पालिकाको कोरकटर प्रयोग वापत प्रतिकोर (RCC) | २०००/- |
| ३ | पालिकाको कोरकटर प्रयोग वापत प्रतिकोर (PCC) | १५००/- |
| ४ | पालिकाको लेबल मेसिन प्रयोग वापत प्रतिदिन | १०००/- |
| ५ | पालिकाको Cube Mould प्रयोग वापत प्रतिदिन | १००/- |
| ६ | पालिकाको जेनेरेटर प्रयोग वापत (पेट्रोल स्वयमलेनै हाल्नुपर्ने) | ५००/-प्रति घण्टा |
| ७ | पालिकाले रिवाउन्ड हेम्बर प्रयोग वापत प्रति दिन | १०००/- |
| ८ | पालिकाको ट्याक्टर प्रयोग वापत | तेलको खपत र बजारको दररेट अनुसार |
| ९ | ल्याब टेस्ट | १५००/- |
| | **सरसफाई शुल्क (प्रति महिना)** | |
| १ | आवासीय घर | ५०/- |
| २ | मेडिकल लगायत स्वास्थ्य सेवाका पसल | ८०/- |
| ३ | खाद्यान्न पसल, भाँडा पसल, तरकारी पसल, टेलरिङ, हार्डवयर, पुस्तक स्टेसनरी तथा गिफ्ट पसल , फेन्सी, ब्युटीपार्लर/कपाल काट्ने लगायतका सम्पूर्ण पसल | ७०/- |
| ४ | होटल तथा रेष्टुरेन्ट, मासु पसल | ८०/- |

| | | |
|---|---|---|
| ५ | वित्तीय संघ संस्था | ७०/- |
| ६ | वर्कशप | १००/- |
| **नोट: यस ऐनमा उल्लेख नभएका तथा कुनै छुट हुन गएमा कार्यपालिकाको निर्णय अनुसार कायम हुनेछ।** | | |

**एम्बुलेन्सको भाडादर**

| **देखी** | **सम्म** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अर्जुनचौपारी सदरमुकाम | हेलु | स्याङ्जा/वालिङ | पोखरा | पाल्पा | बुटवल | चितवन | काठमाण्डौ |
| | रु.५७५/- | रु.१७२५/- | रु.४०२५/- | रु.५७५०/- | रु.८६२५/- | रु.११५००/- | रु.१६१००/- |

- अर्जुनचौपारी सदरमुकाम भन्नाले अर्जुनचौपारी जिरो रिमालफेदी लगायत तिनघरे, मजुवा सदरमुकाम चक्रपथको क्षेत्रलाई मानिनेछ। अर्जुनचौपारी सदरमुकामबाट अन्य वडाका स्थानहरुमा एम्बुलेन्स जाँदा प्रति किलोमिटर रु ८० का दरले थप भाडा लिईनेछ। अर्जुनचौपारी गाउँपालिकाको क्षेत्र भित्रबाट बिरामीले माथि तोकिएको स्थानमा एम्बुलेन्स प्रयोग गर्दा मात्र यो भाडादर लागू हुनेछ।
- अस्पतालबाट डिस्चार्ज भई फिर्ता भएका लागि पनि १०० प्रतिशत नै शुल्क लिईनेछ।

**पशु शाखातर्फ सेवा/शुल्क दररेट**

| **क्र.सं** | **सेवा प्रकार** | | **दस्तुर/शुल्क** |
|---|---|---|---|
| १ | गोबर परीक्षण | | ३०/- |
| २ | भेडा बाख्रा बड्क्यौला परिक्षण | | ३०/- |
| ३ | गाई भैंसी पिसाब परीक्षण | | ३०/- |
| ४ | बहर बन्ध्याकरण | | १००/- |
| ५ | बोका बन्ध्याकरण | | ५०/- |
| ६ | सुंगुर बंगुर बन्धाकरण | | १००/- |
| ७ | कुकुर बन्ध्याकरण | | ३०/- |
| ८ | कृतिम गर्भाधान | गाईभैंसी | २००/- |
| | | बाख्रा/सुंगुर | २००/- |
| | कुकुर/ बिरालो दर्ता | | १००/- |

| | | |
|---|---|---|
| ९ | गाई भैंसी दर्ता | २०/- |
| १० | भेडा बाख्रा दर्ता | १०/- |
| ११ | सुंगुर बंगुर दर्ता | १०/- |
| १२ | कुखुरा हांस दर्ता | १०/- |
| १३ | अन्य जनावर दर्ता | १००/- |
| १४ | जंगलि जनावर दर्ता | ३००/- |
| १५ | भेंडा बाख्रा खोप | १०/- |
| १६ | सुंगुर बंगुर खोप | १०/- |
| १७ | पि.पि.आर. भेंडा बाख्रा | निशुल्क |
| १८ | रानीखेत खोप कुखुरा | २/- |
| १९ | कुखुरामा रेबिज खोप | १००/- |
| २० | कुखुरामा डिस्टेम्पर खोप | १००/- |
| २१ | हाँस कुखुरा पोष्टमार्टम | ५०/- |
| २२ | गाई भैंसी पोष्टमार्टम | १५०/- |
| २३ | भेडा बाख्रा पोष्टमार्टम | १००/- |
| २४ | कुकुर बिरालो पोष्टमार्टम | २००/- |
| २५ | भडाल्नो फर्कने उपचार | १००/- |
| २६ | डिस्टोकिया उपचार | १००/- |
| २७ | जङ्गली जनावर पोष्टमार्टम | ३००/- |

## भू-सेवा केन्द्र सेवा शुल्क र दस्तुर

| क्र.सं | विषय | शुल्क र दस्तुर |
|---|---|---|
| १ | नामसारी | ५००/- |
| २ | दाखिल खारेज | ५००/- |
| ३ | संशोधन, प्रतिलिपि | १००/- |
| ४ | अंशबण्डा र अंश बुझेको भरपाई कि.का गर्नुनपर्ने | ५००/- |
| ५ | अंशवण्डा र अंश बुझेको भरपाई कि.का गर्नुपर्नेको | १०००/- |
| ६ | लिखित पारित राजीनामा, सट्टापट्टा, सगोलनामा दर्ताफारी छोडपत्र, बकसपत्र, दानपत्र कि.का.गर्नु नपर्नेमा | ५००/- |
| ७ | लिखित पारित राजीनामा, सट्टापट्टा,सगोलनामा दर्ता फारी, छोडपत्र, बकसपत्र, दानपत्र कि.का गर्नु पर्नेमा | १०००/- |

| | | |
|---|---|---|
| ८ | सबै किसिमका बन्धकी लिखित रोक्का फुकुवा दुवै | २५०/- |

**अनुसुची -११**

**(आर्थिक ऐनको दफा २० सँग सम्बन्धित )**

**अन्य राजश्व**

अर्जुनचौपारी गाउँपालिका वडा नं १ अन्तर्गत सिमलचौरमा रहेको जलबरहा धार्मिक क्षेत्र अन्तर्गत रहेको नवग्रह मन्दिरमा संकलन भएको आम्दानि ( सम्पूर्ण व्यवस्थापन खर्च कटाएर बचत भएको रकम ) को ३ प्रतिशत रकम यस गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

**अनुसुची -१२**

**(आर्थिक ऐनको दफा १६ सँग सम्बन्धित )**

**जरिवाना**

| **क्र.स** | **विवरण** | **रकम (रु)** |
|---|---|---|
| १ | अनुमति विना माछा मार्ने कार्य गरेमा प्रथम पटक | १०००/- |
| | सो भन्दा बढि पटक भएमा पटकै पिच्छे | रु १५००/- थप जाने |
| २ | विना अनुमति गाईभैंसी ढुवानी गरेमा जरिवाना (प्रति गोटा) | १०००/- |
| ३ | विना अनुमति भेंडा बाख्रा/सुंगुर बंगुर ढुवानी गरेमा जरिवाना (प्रति गोटा) | ५००/- |
| ४ | सार्वजनिक स्थलमा बाँधा पुग्ने गरि पार्किङ गरेमा प्रथम पटक | १००/- |
| | दोस्रो पटक | ४००/- |
| | सो भन्दा माथि | १०००/- |
| ५ | ढुङ्गा गिटि बालुवा चोरी पैठारी निकासा गरेमा उक्त सामान जफत गरि प्रति ट्याक्टर जिप जरिवाना प्रथम पटक | १५०००/- |
| | दोस्रो पटक | २००००/- |
| | सो भन्दा माथि | २५०००/- |
| ६ | ढुङ्गा गिटि बालुवा चोरी पैठारी निकासा गरेमा उक्त सामान जफत गरि प्रति ट्रक जरिवाना प्रथम पटक | २५०००/- |

| | | |
|---|---|---|
| | दोस्रो पटक | ३००००/- |
| | सो भन्दा माथि | ३५०००/- |
| ७ | जे.सि.भि को प्रयोग गरि ढुङ्गा गिट्टि बालुवा चोरी पैठारी निकासा गरेमा उक्त सामान जफत गरि प्रति जे.सि.भि प्रथम पटक | २५०००/- |
| | दोस्रो पटक | ३००००/- |
| | सो भन्दा माथि | ३५०००/- |
| ८ | विना इजाजत सार्वजनिक स्थल/ बाटोमा सामाग्रि राखेमा प्रथम पटक | ५००/- |
| | दोस्रो पटक | १०००/- |
| | तेस्रो पटक | १५००/- |
| | सार्वजनिक जग्गामा निर्माण सामाग्रि राख्दा कुनै हानि नोक्सानि भएमा विगो वरावरको जरिवाना लाग्नेछ। | |
| ९ | इजाजत विना मदिरा उत्पादन तथा विक्रि गरेमा | मदिरा ऐन, २०३१ बमोजिम जफत गरि विगो बमोजिमको जरिवाना हुने |

## अनुसुची - १३
## (आर्थिक ऐनको दफा १८ सँग सम्बन्धित )

## निकासी करको दर

| क्र.स | विवरण | करको दर (रु) |
|---|---|---|
| १ | गाईभैंसी निकासी (प्रति गोटा) | ५००/- |
| २ | भेंडा बाखा/सुंगुर बंगुर निकासी (प्रति गोटा) | १००/- |
| ३ | काठ दाउरा निकासी प्रति ट्रक | ५००/- |
| ४ | काठ दाउरा निकासी प्रति ट्याक्टर/ जिप | २५०/- |
| ५ | सुन्तला/ अदुवा लगायत अन्य फलफुल, तरकारीजन्य तथा खाद्यान्न सामाग्री निकासी प्रति ट्रक | ५००/- |

| | | |
|---|---|---|
| ६ | सुन्तला/ अदुवा लगायत अन्य फलफुल, तरकारीजन्य तथा खाद्यान्न सामाग्री निकासी प्रति टयक्टर/ जिप | २५०/- |
| ७ | कटिङ्ग ढुङ्गा खोलाको प्रति जिप | १०००/- |
| ८ | कटिङ ढुङ्गा (खानीको)सानो /ठुलो छाप्ने प्रति जिप | २०००/- |
| ९ | कटिङ्ग ढुङ्गा (खोलाको) प्रति टयाक्टर | २५००/- |
| १० | कटिङ ढुङ्गा (खानीको) सानो /ठुलो छाप्ने प्रति टयाक्टर | ४०००/- |
| ११ | कटिङ्ग ढुङ्गा (खोलाको) प्रति पिस | २५ पैसा/- |
| १२ | कटिङ ढुङ्गा (खानीको) प्रति पिस | ५० पैसा/- |
| १३ | सल्लाको खोटो प्रति केजी | २/- |
| १४ | काँचो छाला प्रति वटा | २०/- |
| १५ | सम्बन्धित निकायबाट सिफारिस लिएको खण्डमा काठ निकासी सिफरिस | २०००/- |
| १६ | सम्बन्धित निकायबाट सिफारिस लिएको खण्डमा दाउरा निकासी सिफरिस | १५००/- |

**अनुसुची-१४**
**(आर्थिक ऐनको दफा १७ सँग सम्बन्धित )**
**घुम्ती व्यापार तथा पटके कर**

| **क्र.स** | **विवरण** | **रकम (रु)** |
|---|---|---|
| १ | मोटरसाइकल प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि | १००/- |
| २ | मोटरसाइकल प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि (मासिक) | १५००/- |
| ३ | जिप लगायतका साना सवारी प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि | २००/- |
| ४ | जिप लगायतका साना सवारी प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि (मासिक) | ३०००/- |
| ५ | ट्रक, कन्टेनर, मिनिट्रक लगायतका ठूला सावरी प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि | ५००/- |
| ६ | ट्रक, कन्टेनर, मिनिट्रक लगायतका ठूला सावरी प्रयोग गरि | ७०००/- |

| | | |
|---|---|---|
| | व्यापार गर्ने प्रयोजनको लागि (मासिक) | |
| ७ | साइकल प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि | ५०/- |
| ८ | साइकल प्रयोग गरि व्यापार गर्ने प्रयोजनको लागि (मासिक) | ७००/- |
| ९ | पैदल रुपमा व्यापार गर्ने प्रयोजनको लागि | २५/- |
| १० | पैदल रुपमा व्यापार गर्ने प्रयोजनको लागि (मासिक) | ३००/- |
| ११ | घुम्ती रुपमा संचालन हुने सिरक,डसना उद्योग प्रति दिन | ५०० /- |
| १२ | थ्रेसर लगायतका अन्य कृषि औजार (दैनिक) | २००/- |
| १३ | थ्रेसर लगायतका अन्य कृषि औजार (मासिक) | ३०००/- |